# शरदाका सफलताका कथाहरु (Sharada's Success Stories):

❖ **तीन पालीकाका जनताका घरघरमा खानेपानी धारा** (२०८२)

दुरदराज गाउँमा बिजुली बत्ति नहुँदा जंगली जनावरको डरले ससँझै घरभित्र छिरिहाल्छन गाउँलेहरू । गाउँबस्ती छेउकै भेरी र कर्णाली नदीबाट गाग्री र ग्लायेनमा भरेर ल्याएको पानी नै पिउँछन । नुहाउन र लत्ता कपडा धुने सबै काम त्यही नदीको पानीबाट हुन्छ । घनाजंगल र भिरपाखामा अवस्थित गाउँबस्तीका स्थानीयको दुःख त्यतिमा मात्रै सीमित छैन । गाउँमा कसैलाई सामान्य रोग आइहाल्यो भने एक चक्की

सिटामोलका लागि पनि जंगल र पहाडको ८ किलोमिटर गोरेटो बाटो भिर डाँडा छिचोलेर पालीकाका सदरमुकामहरू गुट्ठ, बावियाचौर र बडीचौरको हेल्थपोष्टहरूमा पुग्नु पर्छ । सिकिस्त बिरामी परे परिवारले र छिमेकीले कपडा र बाँसको झेलुंगेमा बोकेर ८ किलोमिटर परको गाउँबस्तीको हेल्थपोष्टमा पुऱ्याउँछन् । कारण गाउँबस्तीमा न हेल्थपोष्ट छ, न एम्वलेन्स आउन सक्ने कच्ची सडक नै छ ।



विदेश गएर अहिले केहि गाउँलेका घरहरुमा सोलार बत्ती झलमल्ल बलेका छन् । त्यसैको उज्यालोमा गृहणी महिलाले साँझ पर्दासम्म पनि गाउँका धारामा निर्धक्क भएर पानी पिउनुपर्ने बाध्यता पनि छैन स्थानीयलाई । चौकुने, बराताल गापा र पन्चपुरीनपाका १४७२ घरधुरीहरूमा धाराको व्यवस्था गरिएको छ । तर कोही सिकिस्त बिरामी परिहाले अस्पतालमा लैजान न सडक बनेको छ न हेल्थपोष्ट सञ्चालन हुनसकेका छन् । सामान्य घाउचोट लागे, ज्वारो रुघाखोकी लागे बिरामीले गाउँमै औषधीमुलो गर्न पाउने सुविधाबाट बन्चित छन् ।

सरकारले सडक निर्माण गरी मोटरसाइकल, ट्याक्टर, एम्बुलेन्स, साना गाडी गाउँमै आइपुग्ने गराउन र हेल्थपोस्टो निर्माण गरी संन्चालन गरी जनतालाई सेवा पुऱ्याउन सहयोग गर्नु पर्छ ।



**(दुरदराज ग्रामीण गाउँमा जंगलभित्रको खोलाबाट खानेपानी पुगेपछि गाउँलेलेको घरघरका धारामा सुद्ध खानेपानी ।)**

गाउँदेखि परका भेरी र कर्णाली नदीबाट लिप्ट साथै जंगलभित्रको खोला र मुहानहरूबाट व्यवस्थित गरेर त्यहाँबाट गाउँसम्म पाइप विच्छ्याएर गाउँबस्तीका जनताका घरघरमा धाराको व्यवस्था गरिएको चौकुने गापा वडानं. २ वडा सदस्य स्थानीय अमृता बोहरा बताउँछीन् । सामाजिक कर्मी दानीगौडाबासी कमल वि. क.ले भने, अब पहिलाको जस्तो भेरी, कर्णाली नदी र खोलाको धमिलो पानी पिउनु परेको छैन अहिले । पालिका र युएसए कर्णाली जल परियोजनाको आर्थिक सहयोग र शारदाको सामाजिक र प्राविधिक सहयोगमा गाउँमा घरघरमा धाराको व्यवस्था गरिएको छ । यसले धेरै सजिलो भएको छ ।

गाउँबस्तीमा युएसए कर्णाली जल परियोजनाबाटः खानेपानी, सरसफाई, करेशाबारी, एकिकृत सिचाँहिबाट तरकारी उत्पादन, वातावरण सुधार, शिक्षा, स्वास्थ्यमा जानकारी भएको छ भन्छन् स्थानीय शिक्षक हरिबहादुर  बिष्ट ।



*(गाउँमा खानेपानी निर्माण नहुदा भेरी र कर्णाली नदीबाट खानेपानी ल्याउदै सुन्तली वि. क.।)*



(खानेपानी निर्माण भएपछि गाउँमा खानेपानी सुविधा भएको छ बालबालीकालाई । )

अध्यारो रातमा बाँचिरहेका गाउँबासीमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, वातावरण , सरसफाई लगायतका क्षेत्रमा सुधार आउँदै गर्दा स्थानीयले थोरै भए पनि राज्यको उपस्थिति हुन थालेको महसुस गर्न थालेका छन् । अझै पनि सडक, विजुलीबत्ति, सस्पताल, शिक्षाको असुविस्ता, जंगल जनावरको उपद्रो, नदी, खोलाको कटान इत्यादि समस्या भने ज्यूँका त्यूँ नै रहेको स्थानीयको दुःखेसो छ । स्थानीय अर्जुन जनालाले भन्छन्, 'पहिलाको जस्तो भेरी, कर्णाली नदी र खोलाकै पानी पिउनुपर्ने अवस्था अहिले छैन । घरघरमा धाराहरु छन् । लगाएको बालीनाली वनका जंगली जनावरहरूले सबै सखाप पारिदिन्छन् । सरकारले जंगली जनावरको उपद्रो रोक्ने र शिक्षा, स्वास्थ्यको व्यवस्था मिलाइदियो भने हामीलाई धेरै राहत मिल्थ्यो ।'



***(विद्यालयमा खानेपानी धारा निर्माण ।)***



***( खानेपानी धारा निर्माण पछि, भेरी र कर्णाली नदीको खानेपानीबाट मुक्त ।)***

स्थानीय बमराज जोशीले भन्छन्, 'अहिले त सोलारले केही खानेपानी योजनाहरू लीप्टकोकाम चलिरहेको छ । तर, यो सोलार प्लान्ट कहिलेसम्म चल्ने ठेगान छैन । त्यसकारण राष्ट्रिय प्रसारणको लाइनबाट विद्युतीकरण सरकारले गरिदिनुपर्छ । सरकारले नदी कटान, जनवारको उपद्रो, विद्युतीकरण र सडकको काम गरिदियो भने स्थानीयवास स्वर्ग जस्तै बन्ने उनले बताए । तर सरकार वा राजनीतिक दलका नेतृत्वहरुले आश्वाशन मात्रै बाँड्दै आएको उनको गुनाशो छ । उनले भने, 'चुनावका बेला सबै पार्टीका नेतृत्वहरु गाउँमा आउँछन् । यहाँको समस्या समाधान गरिदिन्छौ भनेर भाषण गर्छन् । तर, जितेर गएपछि भने गाउँमा मुख देखाउन पनि आउँदैनन् ।'

स्थानीय अगुवा लक्ष्मण ओलीले पनि स्थानीय गाउँबस्तीमा नदी, खोला कटानको सस्याले गाउँलेहरु धेरै पीडित रहेको बताए । उनले भने, 'पहिले यो गाउँबस्तीहरूमा आवादीको जग्गा ४ सय ६० बिघा भन्दा बढी थियो । तर नदी, खोलाले कटान गर्दै जाँदा अहिले आवादी  जग्गा ८२/९६ बिघा मात्र छ ।'

चौकुने गाउँपालीकाका अध्यक्ष खड्क वि.क.का अनुसार चौकुने गापाका गोजीखोला, जलुके, जिउनारीताल, दानीगौडा, ताउले, भिर्तीवन, लाम्काने र हल्दुखेत खानेपानी योजनाहरू र बराताल गापाका तरेली, पियाले, स्याउले, डोप्का, सिस्नेरी, भोटेधारा, कटासे, करियापानी, पोखरीडाँडा, ओडालटोटके, उदेखोला खानेपानी योजनाहरूले समेटेका र पंन्चपरी नपाका गेरूपानी, घुगानेखोला, ताउले, बनकुलो र सिमेन गेरूपानी खानेपानी योजनाहरूले समेटेका १४७२ घरधुरीहरूका जनताका घरघरमा खानेपानी धारा निर्माण, सरसफाई, करेशाबारी, क्षमताविकास, वातावरण सुधार, मुलसंरक्षण आदिबाट लाभान्वित भएका छन् ।

- **भौतिक विकास पुर्वाधार (Physical Development Infrastructure-2081)**

संस्थाले स्वास्थ्य चौकी भवन २ वटा निर्माण, विद्यालय भवन ४ वटा निर्माण, २३३ वटा मुल संरक्षण, तठवन्ध निर्मामाण, विद्यालयमा वालवालिकाहरुलाई प्रयोग मैत्री ५४ वटा धारा निर्माण, ३४ वटा अपङ्गता मैत्री धारा निर्माणको साथै खानेपानी घरघरमा धारा ८३५० वटा आदि निर्माण गरिएको छ ।


**(ग्रामीण कृषि सडक ।)**


**(खानेपानी टङ्की ।)**


**(झोलुङ्गे पुल निर्माण ।)**

विभिन्न सरकारी गैसस आदिको सहयोगमा ५९१ वटा लक्षित समुदायमा चर्पी निर्माण गरिएको छ । सल्यान जिल्लाका इन्जिनियर बामदेव पण्डित भन्छन्, “झोलुङ्गे पुल १०७ निर्माण र अन्य भौतिक कार्यक्रमबाट जनताहरूले सुविधा पाएका छन् ।” महिला स्वास्थ्य परामर्ष केन्द्र ४ वटा स्थापना तथा कृषि सडक ६१२ कि मी निर्माण गरिएको छ ।

- **शारदा संस्थाले जलवायु परिवर्तनमा गरेको पहल (Initiatives taken by Sharada organization on climate change-2079)**

जलवायु परिवर्तन, मानवीय क्रियाकलापहरुबाट हुने हरितगृह ग्याँसहरुको अत्यधिक उत्सर्जनले गर्दा भईरहेको तथ्य वैज्ञानिक रुपमा पुष्टि भईसकेको छ । विश्वको कूल हरितगृह ग्याँस उत्सर्जनमा नेपालको नगन्य भूमिका भएतापनि नेपाल जलवायु परिवर्तनका दृष्टिकोणले प्रभावित देशहरु मध्ये चौंथो स्थानमा पर्दछ । अतिबृष्टि, अनाबृष्टि, खण्ड बृष्टिका साथै बाढी, पहिरो, सुख्खाखडेरी, अतिजाडो, अतिगर्मी, आगलागी जस्ता प्राकृतिक तथा जलवायुजन्य विपद्हरु दिनदिनै बढ्दो क्रममा रहेका छन ।

जलवायु परिवर्तनको असरहरुबाट धरातलीय विविधता, संवेदनशील पारिस्थितिकीय प्रणाली, भौगोलिक विकटता, गरिबी, बेरोजगारी, सामाजिक असमानता भएको नेपाल जस्तो विपन्न देशका विपन्न, दलित, जनजाती तथा महिलाहरु अझ बढी प्रभावित हुने गरेका छन । संस्थाले पनि आफ्नो स्थापना काल देखि नै साझेदार संस्थाहरुको सहकार्यमा बिभिन्न परियोजना मार्फत स्थानीय समुदायको जलवायु परिवर्तन सम्बन्धी क्षमता बिकास गर्नुका साथै अनुकूलनका कार्यहरु माफत अनुकूलन क्षमता बृद्धि गर्ने कार्यहरुमा हातेमालो गर्दै आईरहेको छ । संस्थाले विभिन्न दार्त निकायहरूको सहकार्य र आर्थिक सहयोगमा सल्यान जिल्लामा कार्यान्वयन गरेको छ । संस्थाले ६ वटा गा.वि.स.हरुको स्थानीय अनुकूलन योजनाहरु Local Adaptation Plans of Action र १७३ वटा सामुदायिक वनहरुको समुदायमा आधारित अनुकूलन योजनाहरु Community Based Adaptation Plan of Action को तयारी तथा कार्यान्वयको सहजीकरण गरेको छ । यि अनुकूलन योजनाहरुको कार्यान्वयनबाट सल्यान जिल्लाका बिपन्न तथा सिमान्तकृत समुदायका ६७७२ घरधुरीहरु लाभान्वित भएका छन् । यस कार्यक्रमबाट हाँसिल उपलब्धीहरु :


**(वृक्षा रोपन ।)**


**(जलवायु परिवर्तन अनुकुलन तालीम ।)**


**( नदी किनारमा तटबन्द नीर्माण ।)**

- ११ वटा सिंचाई कूलोको स्तरोन्नतीबाट ६५१ घरधुरीहरु लाभान्वित ।
- ४१ वटा खानेपानी मुहान संरक्षण तथा खानेपानी योजनाहरुको मर्मत मार्फत १४३८ घरधुरीहरु लाभान्वित ।
- ८ वटा वनमा आधारित उद्यमहरुबाट २७५ घरधुरीहरु लाभान्वित ।
- ४० वटा सुधारिएको घट्ट मार्फत २४२ घरधुरीहरु लाभान्वित ।
- ९९६ वटा सुधारिएको चुलो मार्फत ९९६ घरधुरीहरु लाभान्वित ।
- १४५ वटा थोपासिंचाई, टनेल खेती तथा IPM पाठशाला मार्फत ९७८ घरधुरीहरु लाभान्वित ।
- १८ हेक्टर सामुदायिक वन तथा कबुलियत वनहरुको खाली स्थानहरुमा बृक्षारोपन तथा सामुदायिक वनहरुका ६१० हेक्टर वन क्षेत्रमा वन व्यवस्थापनका कार्यहरु सम्पन्न ।

## प्रजनन् स्वास्थ्य तथा सुरक्षित गर्भपतन सेवा (Reproductive healthcare and access to safe abortion services-2078)



स्वास्थ्य चौकी दमाचौरका अहेब चडामणी राना भन्छन्, " प्रजनन् स्वास्थ्य तथा सुरक्षित गर्भपतन सेवा सुद्दीकरण महिला, कीशोरीहरुलाई लक्षित कार्यत्रमबाट स्वास्थ्य पाटेघर जाच र अप्रेशन घुम्ती सिवीर, प्रजनन् तथा पोषण सम्वन्धि जानकारी, पाठेघर रोग निबारण सम्वन्धि जानकारी, स्वास्थयमा महिला पुरुषको समान अधिकार सम्वन्धि जानकारी, यो क्रियाकलापवाट ५ हजार महिला तथा किशोर किशोरीहरु लभावन्दित भएका छन् ।"

**(समदाइका गर्भवती महीला स्वास्थ्य जाच गराउदै महिला ।)**

- **जलवायु परिवर्तन उत्थान शील (Climate Change Resilient-2068)**

जलवायु परिवर्तन उत्थानशील कार्यक्रम विभिन्न मितीमा सल्यान, रोल्पा र सुर्खेत जिल्लामा संचालन गरिएको छ। रोल्पा जिल्ला वन कार्यालयका वन अधिकृत अमित श्रेष्ठ भन्छन्, " कार्यक्रमको लक्षित वर्ग महिला, दलित, जनजाति, पिछाडिएका समुदायमा कार्यक्रमको प्रमुख क्रियाकलाप जलवायु सम्वन्धि तालिम, जलवायु परिवर्तनले गरेको असर र न्युनिकरण, दिगो वन व्यावस्थापन, जलवायु वातावरण संरक्षण, वृक्षारोपण र अनुकुलन योजना जस्ता क्रियाकलाप गरि लक्षित समुदायमा परिवर्तनमा सहयोग पुगेको छ ।"

(



**मुल संरक्षण अनुगमण ।)**

यस कार्यक्रमवाट ४०५ वटा समुह र १६२८ घरधुरी गरी जम्मा ९७४० महिला, पुरुष प्रत्यक्ष लभावन्वित भएका र अप्रत्यक्ष रुपमा १७०० महिला, पुरुषहरु लभावन्वित भएका छन् ।

## खानेपानी, सरसफाई तथा स्वच्छताबाट लाभान्वित (Beneficiaries from drinking water, sanitation, and hygiene(WASH) services-2067)

शारदा संस्थाले खानेपानी-सरसफाई तथा स्वच्छतामा काम गर्ने एउटा गैरसरकारी तथा नेतृत्वदायी सल्यान जिल्लामा दर्ता भई काम गरिरहेको मुनाफारहित स्थानीय संस्था हो । संस्थाले विगत वर्षदेखि विभिन्न दातृ निकाएको आर्थिक तथा प्राविधिक सहयोगमा खानेपानी-सरसफाई  तथा स्वच्छता कार्यक्रम मिती २०५८ असारदेखि हालसम्म कार्यन्वयन गर्दै आएको छ ।




*(बहुउद्देश्य एकिकृत सिचाहीबाट करेशाबारीमा तरकारी उत्पादन ।)*

हाल सम्म ९६८२ घरधुरी खानेपानी-सरसफाई कार्यक्रमबाट फाइदा पाएका छन् । यो कार्यक्रम सल्यान, रुकुम, सुर्खेत जिल्ला लक्षित गरि संचालन गरिएको थियो । यो कार्यक्रमको मुख्य उपलब्धि ९६८२ घरधुरीहरूमा स्वाच्छ पिउने पानी र बहुउदेश्यको अवसर पाएका छन् । गरिव, महिला,



*(-घरमा पानी धारा सरसफाई खाल्डा र चाङ्ग ।)*

किशोर, किशोरीहरुको स्वास्थ्यमा सुधार आएको छ । सरसफाईमा जनचेतना जगाएको  छ । मुल संरक्षण, वातावरण व्यवस्थापन, समुदायमा क्षमता विकास, समुदायमा खानेपानी-सरसफाई, बहुउदेश्य करेशाबारी, वातावरण परिवर्तन अनुकलन आदि स्थानिय सरकार र सरोकारवालासंगको सहकार्यमा योजना व्यवस्थापन भएको छ । त्यसैले संस्थाको उल्लेखित क्षेत्रमा वलियो र राम्रो अनुभव रहेको छ । कर्मचारीहरु पनि यो  क्षेत्रमा क्षमता तथा अनुभवि रहेका छन् । पन्चपुरी नगरपालीकाका पानेपानी प्रमख सरोज थापा भन्छन्, “शारदाले सन्चालन गरेको खानेपानी सरसफाई कार्यकमबाट दुरदराजका जनताहरू सुद्ध खानेपानी र सरसफाईबाट लाभान्विनीत भएका छन् ।”

## शारदाको तिरमा : जिउना सजिलो छैन (From Sharada’s perspective: Life is not easy-2064)

“नदीहरू पृथ्वीका स्नायु हुँन ।” सल्यान जिल्लाको उत्तरी भूभागको सिमाना रूकुम पश्चिम जिल्लासंग जोडिएको बागचौर नगरपालीकाको वडा नं. ४ को लौरावाङमा शिरभएको प्रमुख महत्वपुर्ण शारदा नदी सल्यान जिल्लाको विच-विचबाट नागवेलीहुँदै दक्षिण सुर्खेत र बाँके जिल्लाको सिमाना बबाई नदीमा मिलन भएर बबाई नदीको नाममा रूपान्तरण भएर प्रख्याति कमाएको सल्यान जिल्लाको मुख्य स्नायु हो ।

शारदा नदी किनारमा, जीवन अस्तित्व र प्रकृतिको इच्छाशक्ति बीचको निरन्तर लडाईं हो । एक समय जीवन रेखा रहेको शारदा नदी, राक्षसमा परिणत भएको छ, पत्येक मनसुनमा, नदी गर्जन्छ । बाढीले गाउँलाई भत्काउँछ, घरहरू, गाईवस्तुहरू, घट्टहरू र बाटोमा आएका सबै सामाग्रीहरू बगाउँछ । यो पहिलो बाढी थिएन तर यो सबैभन्दा खराब थियो ।

नदीको शिरदेखि पाउँसम्म वाल्नु र पाल्नु दुवै तिरमा बाग्लो गाउँ बस्ति छ, र प्रत्येक वर्ष शारदाले अलि बढी पानी लिन्छ । नदीका तिरमा तटबन्धको कुनै व्यवस्थापन छैन, बाढीको अवरोध छैन, र उम्कने ठाउँ छैन । जनताहरू नदीले फेरि आफ्नो घर दावी गर्ने छ भन्ने निरन्तर डरमा बाँचिरहेका छन् । यसको बाबजुद पनि, तिनीहरू छोड्दैनन् । तिनीहरू पुनर्निर्माण गर्छन्, आफ्ना घरहरू उठाउँछन्, र नदीको सम्मान गर्न अनुष्ठानहरू गर्छन्, आशा छ कि सम्मानले कुनै न कुनै रूपमा यसको कोधलाई नियन्त्रण गर्नेछ ।



(नदीको तिरमा तटबन्द निर्माण ।)



(विपत प्रकोप सम्बन्धमा छलफल जानकारी ।)

“मनसुनमा नदीले स्कुलहरू क्षेत्रसम्मै बाढी ल्याउन सक्छ,” रमा वि. क. भन्छिन् । “घरहरू, जग्गाजमीनहरू, लालाबाला र पशु चौपाएहरू आदि जोखिममा छन् । हामीमध्ये धेरैलाई सुरक्षित रहनको लागि अन्यत्र सर्नु पर्ने हुन्छ । तर हामीले गर्न सक्ने केही छैन ।”

रीता पुनले स्पष्टसँग भन्छिन्, “तिनै तहका सरकारहरूले केही गर्ने समय आएको छ । हामीले धेरै समय पर्खि सकेका छौं ।” उनले जनजाती महिला समुहसँग काम गरेकी छन् र हाल महिला अधिकार कर्मीसँग पनि काम गरेकी छन् र हाल महिला अधिकार कर्मीसँग संलग्न छिन् ।

गत वर्ष बाढीले बगाएको स्थानीय विद्यालय अब आपतकालीन आपूर्तिहरूको लागि आश्रय र भण्डारण ठाउँको रूपमा काम गर्दछ । यो शारदाको तिरमा, मानिसहरू सधैं किनारामा बस्छन् भन्ने कुराको सम्झना गराउँछ । तर यो उनीहरूको लचिलोपन हो जसले गाउँलाई अक्षुण्ण राख्छ । चाहे त्यो न्यायपूर्ण नै किन नहोस् ।